नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय

सिन्धुपाल्चोक, चौतारा
मुद्दा/प्रशासन

प.स: २०८१/८२
च.नं.- ३०५८

मिति: २०८२/०२/०६

**विषय: सूचना टाँस गरी जानकारी पठाइदिने सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, सिन्धुपाल्चोक ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक ।

श्री नापी कार्यालय, सिन्धुपाल्चोक ।

श्री चौतारा साँगाचोकगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक ।

श्री चौतारा साँगाचोकगढी नगरपालिका, ८ नं. वडा कार्यालय, सिन्धुपाल्चोक ।

प्रस्तुत विषयमा निवेदक **पूर्णकुमारी श्रेष्ठको** ज.द./दा.खा./ना.सा. कारबाही **सम्बन्धी** टाँस गर्नु पर्ने हकदाबी सम्बन्धी पैंतीस दिने सार्वजनिक सूचना संलग्न छ । ताहाँको सूचना पाटीमा टाँस गरी सूचना टाँसको जानकारी पठाइदिने कार्य व्यवस्थाका लागि अनुरोध छ ।

मालपोत अधिकृत

**वोधार्थ**

श्री ................................... राष्ट्रिय दैनिक:- लाग्ने दस्तुर सम्बन्धित व्यक्तिबाटै असुल गरी संलग्न सूचना हु-बहु त्यस पत्रिकामा प्रकासित गरी सूचना प्रकासित भएको पत्रिका दुई प्रति यस कार्यालयमा उपलब्ध गराइदिनुहुन ।

## श्री मालपोत कार्यालय सिन्धुपाल्चोकबाट जारी भएको हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

मितिः २०८२/०२/०४

मि.नं. ४४१/७६१/२०८१/०८२

यसमा ईर्खु – २ हाल चौ.सा. गढी – ८ बस्ने निवेदकः **पूर्णकुमारी श्रेष्ठले** आफ्ना नाममा नापनक्शा भई दर्ता बाँकी रहेको तपशिलका कित्ता जग्गा आफ्ना नाउँमा एकलौटी दर्ता गरी पाऊँ भनी द.नं. ७६१ मिति २०८१/०५/११ मा जग्गाको नापी नक्सा, फिल्डबुक, चौ.सा. गढी न. पा. ८ नं. वडा कार्यालयको च.नं. [illegible]९ मिति २०८१/०४/२७ को सिफारिस, लगायतका कागजात सहित माग निवेदन पेश गरेकोले **पछि प्रमाण कागजात बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी** हाललाई कुनै सरकारी, सार्वजनिक, सामुदायिक, गुठी लगायत व्यक्तिगत तथा अन्य जग्गा तथा संरचनालाई पर्ने असर, अरू अन्य कोही कसैको कानुनी हक अधिकारमा पर्न जाने असर, यस अघि अरू अन्य कोही कसैले कारबाही चलाएको / नचलाएको, जग्गाको हकभोग तथा संरक्षकत्व, हदबन्दी, निवेदकहरू बाहेक अरू अन्य कोही हकदार भए नभएको लगायतका सम्बन्धमा एकीन गर्न आवश्यक भएकाले राष्ट्रिय दैनिक पत्रिकामा समेत हकदाबी सम्बन्धी पैतीस दिने सार्वजनिक सूचना प्रकासित/जारी गरी सूचना प्रकासित भएको पत्रिका तथा सूचना टाँसको जानकारी प्राप्त भई दाबी परे मिसिल सामेल गरी, नपरे म्याद भुक्तान भए पछि पेश गर्नु भनी कार्यालयबाट मिति २०८२/०२/०६ मा भएको आदेश बमोजिम सरोकारवाला सबैको जानकारीका लागि यो हकदाबी सम्बन्धी सार्वजनिक सूचना प्रकासित गरिएको छ ।

अतः निवेदकको माग निवेदन बमोजिम कारबाही गरिदिनु नहुने/नपर्ने भए वा सो गर्दा अरू अन्य कोही कसैको कानुनी हक अधिकारमा प्रतिकुल असर पर्ने भए वा यस अघि अरु अन्य कोही कसैको तपसिलको जग्गाका सम्बन्धमा कुनै कारबाही चलाएको भए वा निवेदकको माग दाबी व्यहोरा झुठा भए, जग्गाको हकभोग, स्वामित्व तथा संरक्षकत्व, हदबन्दी समेतका सम्बन्धमा साथै दर्ता माग भएको जग्गाले कुनै सरकारी, सार्वजनिक, सामुदायिक, गुठी, व्यक्तिगत लगायत अन्य जग्गा तथा संरचनालाई प्रतिकुल असर पार्ने भए वा निवेदक बाहेक अन्य हकदार भए यो सूचना प्रकासित/जारी भएको *पैंतीस दिन भित्र* स-प्रमाण दाबी उजुरी गर्न आउनुहोला । अन्यथा कानून बमोजिम भई जानेछ ।

### तपसिल

| क्षेत्र | किसानको महल | ज.ध. | किसिम | कै. | अन्य व्यहोरा |
|---|---|---|---|---|---|
| ईर्खु वडा नं. २<br>कि. नं. ५०७<br>क्षे.फ. १-३-१-१ | खाली | पूर्णकुमारी श्रेष्ठ<br>ईर्खु-२<br>पतिः जितबहादुर<br>ससुराः मोतीलाल | घरबारी/सिम | | रै. ल. सि. नं. ३३ को जीतबहादुरको नामको साविक लगत पेश भएको । |

ईती संवत २०८२ साल जेठ ६ गते रोज ३ शुभम् ।